का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० चैत २०७९,
सोमबार
3 April 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्नं

वर्ष २१, अंक ६८ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# खुल्यो संसदको ‘डेडलक’



आइतबार पारित प्रतिनिधिसभा नियमावली अनुसार प्रतिनिधिसभामा १० वटा विषयगत समिति रहनेछ । त्यसपछि संसदको प्रभावकारिता अझ बढ्ने राजनीतिक दलहरूको विश्वास छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ चैत ।

‘प्रतिनिधिसभा नियमावली २०७९’ बहुमतले पारित भएको छ । आइतबार बसेको प्रतिनिधिसभाको बैठकले नियमावली पारित गरेको हो । नियमावली तुरुन्तै लागू हुने व्यवस्था छ । नियमावली पारित भएसँगै संसदीय विषयगत समिति गठन गर्ने बाटो पनि खुला भएको छ । पारित नियमावली अनुसार प्रतिनिधिसभामा १० वटा विषयगत समिति रहनेछ । त्यसपछि संसदको प्रभावकारिता अझ बढ्ने राजनीतिक दलहरुको विश्वास छ ।

कांग्रेसका प्रमुख सचेतक रमेश लेखक प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाएपछि ४ मंसिरमा सम्पन्न आम चुनाव पछिको संसदलाई काम गर्नका लागि आवश्यक कानुनी पूर्वाधार तयार भएको बताउँछन् । उनी भन्छन्, ‘सरकार, संसद र स्वयम सरकारलाई समेत काम गर्नका लागि अब कुनै कानुनी व्यावधान छैन् । नियमावली नभएकाकारण काम गर्न नपाएको गूनासोबाट सबै पक्ष मुक्त भएका छन् ।’ १० माघ २०७९ मा प्रतिनिधिसभाले नियमावली मस्यौदा समिति गठन गरेको थियो । उक्त समितले ६ फागुन २०७९ को बैठकमा नियमावलीको मस्यौदा प्रतिवेदन पेश गरेको थियो ।

प्रतिवेदनउपर सैद्धान्तिक छलफल सकिएपछि विभिन्न राजनीतिक दलका १८ जना सांसदले ६५ वटा संशोधन प्रस्ताव दर्ता गरेका थिए । त्यसमाथि छलफल सकिएपछि प्रतिनिधिसभाको बैठकले नियमावली पारित गरेको हो । नियमावली पारित भएसँगै भर्चुअल संसदले कानुनी मान्यता पाएको छ । आइतबार बसेको प्रतिनिधिसभाको बैठकले ‘प्रतिनिधिसभा नियमावली २०७९’ बहुमतले पारित गरेसँगै भर्चुअल संसदले मान्यता पाएको हो ।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक भर्चुअल संसदले पायो कानुनी मान्यता पाउनुलाई एक कदम अगाडि सरेको कार्यका रुपमा ब्याख्या गरेका छन् । ‘इ संसदमा एक कदम अगाडि भन्ने ठान्दछु’ उनले भनेका छन् । नोवेल कोरोना भाइरस (कोभिड १९) को महामारीका बेला भर्चुअल संसदको अवधारणा अगाडि आएको थियो । तर, कानुन अभावमा त्यसबेला बसेका संसद र संसदीय समितिको भर्चुअल बैठकले वैधानिकता पाएका थिएनन् । प्रतिनिधिसभामा महिला सांसदहरुको छुट्टै समिति पृष्ठ २ मा



सरकार, संसद र स्वयम सरकारलाई समेत काम गर्नका लागि अब कुनै कानुनी व्यावधान छैन् । नियमावली नभएका कारण काम गर्न नपाएको गूनासोबाट सबै पक्ष मुक्त भएका छन् ।

**रमेश लेखक**
**प्रमुख सचेतक, कांग्रेस**

# देशले देख्न नचाहेको दृश्य



ठूलाठूला आयोजना सञ्चालन गरेर देशलाई विकसित बनाउने भाषण नेपाली राजनीतिक नेतृत्वका निम्ति नौलो होइन । तर त्यही नेतृत्वले उचित पोषणको अभावमा कुपोषित बालबालिकाको दर्द दूर गर्न सकेको छैन । त्यसैको उदाहारण हो, डोटीको यी प्रतिनिधि घटनाहरु ।

**बन्दना बम/मध्यान्ह**
डोटी, १९ चैत

११ वर्षीय सन्दिप लुहार डोटीको शिखर नगरपालिकाका मुडेगाउँस्थित महाकाली माविमा कक्षा ३ मा पढ्छन् । उनीसँगैका साथीहरु कक्षा पाँचमा पुगिसके । उनी पढ्न नचाहेर वा मन नभएर पछाडि परेका होइनन् । स्कुल नै जान नसकेका कारण पछाडि परेका हुन् । ‘सन्दिप गर्भमा हुँदा मलाई पोषिलो खानेकुरा खानुपर्छ भन्ने थाहा भएन,’ उनले भनिन्, ‘पैसा नभएकाले राम्रो खानेकुरा खानै पाइन ।’

सन्दिप ५७ महिनाको हुँदासम्म १२ किलोग्रामका मात्रै थिए । २०७४ सालमा कुपोषित बालबालिकालाई लक्षित गर्दै पोषण कार्यक्रम लागु भएपछि उनले शिखर नगरपालिका २ मुडेगाउँ स्वास्थ्य चौकीमा भर्ना भएर उपचार पाए । उक्त स्वास्थ्य चौकीबाट उनलाई करिब एक वर्षसम्म प्रत्यक्ष उपचार गरियो । सन्दिप निको भए । उपचार पुरा हुँदासम्म ६ वर्ष पुरा भइसकेका थिए । आठ वर्षको हुँदा उनी बल्ल स्कुल जान पाए ।

सन्दिप उदाहरण मात्रै हुन् । उनी जस्ता पात्र डोटीमा अरु पनि छन् । शिखर नगरपालिका २ भैरव टोलकी सिम्रन पार्की पनि जन्मदै कम तौलकी थिइन । २०७३ साउन महिनामा जन्मिएकी उनी एक वर्ष पुरा पुग्दासम्म पनि ६ किलोग्रामकी मात्रै थिइन । अहिले सात वर्ष पुगेकी उनी भर्खरै विद्यालय जान शुरु गरेकी छिन् । जबकी उनीसँगसँगै जन्मेकी छिमेकी अम्बिका कक्षा तीनमा पढ्छिन् ।



शिखर-२ औलकी मनुदासले दुई जुम्ल्याहा सन्तानलाई जन्म दिइन् । एक वर्ष पुग्दा रुपेश दास ३ किलोग्राम र अर्का रुप दास ४ किलोग्राम मात्रै थिए । अहिले सात वर्ष पुगेका उनीहरु भर्खरै विद्यालय जान थालेका छन् । उनीहरु अहिले कक्षा १ मा पढ्छन् । कुनै कक्षा फेल नभए उनीहरूले १८ वर्षमा मात्रै एसईई गर्ने देखिन्छ । उनको उमेरका साथीहरुले कक्षा १२ पास गरिसक्दा बल्ल उनीहरु १० कक्षा पास गर्न सक्ने देखिन्छ । ८ फागुन २०७९ का दिन महाकाली पृष्ठ २ मा

## स्थानीय तह र प्रदेशको जिम्मेवारी

विद्यालयका प्रधानाध्यापकहरुले पनि कुपोषित बालबालिका पढाइमा पछि परिरहेको अनुभुति गरेका छन् । शिखर नगरपालिका-२, डोटीको महाकाली माविका प्रधानाध्यापक कृष्णराज पाठक आफनो विद्यालयमा केहि बालबालिका कुपोषणले ग्रसित भएर अस्वस्थकर जिवनयापन गरिरहेको बताउँछन् ।

उनी भन्छन्, ‘उनीहरु अरु बालबालिका भन्दा आफुलाई कमजोर ठान्ने गर्छन् । विद्यालयमा कम उपस्थित हुने, पढाईमा इच्छा नदेखाउने, खेल्न नरुचाउने, गुम्सिएर बस्ने, साथीहरुसँग भन्दा पनि एक्लै बस्न मन पराउने, घुलमिल नहुने लगायतका समस्याहरु उनीहरुमा देखिन्छन् ।’

त्यस्ता समस्याको समाधानका लागि विद्यालयले कुनै प्रयास गरेको छैन भन्ने प्रश्नमा प्रधानाध्यापक पाठक भन्छन्, ‘हामीले कुपोषण भएका बालबालिकालाई अरु बालबालिका सरह जीवनयापनका लागि प्रोत्साहन गर्ने, आत्मबल बढाउन सहयोग गर्ने, अपाङ्ग तथा कुपोषण भएका मानिसले गरेका प्रेरणादायक कार्यको वर्णन गरी खुशी बनाउने र आफनो कार्यमा लगनशिल हुन अग्रसर गराउने गरेका छौं ।’ त्यसबाहेक विद्यालयले पौष्टिक आहार, पृष्ठ २ मा

# उपनिर्वाचनका लागि आज उम्मेदवारी दर्ता

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ चैत ।

आगामी वैशाख १० मा हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि आज (सोमबार) उम्मेदवारको मनोनयनपत्र दर्ता हुँदैछ । निर्वाचन आयोगका अनुसार बारा-२, चितवन-२ र तनहुँ-१ मा हुने उपनिर्वाचनका लागि आज उम्मेदवारको मनोनयन दर्ताको समय छ ।

आयोगले तय गरेको कार्यक्रम अनुसार निर्वाचनमा भाग लिन दर्ता भएका राजनीतिक दलका तर्फबाट र स्वतन्त्र उम्मेदवारले सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्नेछन् ।

गत मङ्सिर ४ गतेको निर्वाचनमा निर्वाचित रवी लामिछाने नागरिकतासम्बन्धी मुद्दामा सर्वोच्च अदालतको फैसलाबाट पदमुक्त भएपछि चितवन क्षेत्र नं. २, राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भएपछि तनहुँ निर्वाचन क्षेत्र नं. १ र उपराष्ट्रपतिमा रामसहायप्रसाद यादव निर्वाचित भएपछि बारा निर्वाचन क्षेत्र नं.२ का लागि उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचनका लागि शनिबार मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेको छ । बारा २ को उपचुनावमा जनता समाजवादी पार्टी पृष्ठ २ मा

## ■ गगन र विश्व चुनावी कमाण्डर

नेपाली कांग्रेसले उपनिर्वाचनका लागि दुई महामन्त्रीलाई खटाएको छ । महामन्त्री गगन थापालाई तनहुँ- १ र महामन्त्री विश्वप्रकाश शर्मालाई चितवन-२ मा खटाएको हो ।





तनहुँ-१ का कांग्रेस उम्मेदवार गोविन्द भट्टराईलाई जिताउन महामन्त्री थापा तनहुँ खटिएका छन् । महामन्त्री थापाले गोविन्दराज जोशीलाई भट्टराई पक्षमा समर्थन गराउने प्रयास गरिरहेका छन् ।

महामन्त्री शर्मा कांग्रेस उम्मेदवार जितनारायण श्रेष्ठको उम्मेदवारी दर्ता गराउन चितवन छन् । शर्मासँग सह-महामन्त्री महालक्ष्मी उपाध्याय (डिना) चितवनका उम्मेदवारी कार्यक्रममा सहभागी हुने छन् । तनहुँ-१ मा महामन्त्री थापा र चितवन २ मा शर्माले समन्वयको जिम्मा पाएका हुन् ।

# वैदेशिक रोजगार विशेष

## सरकारले व्यापार हैन सहजीकरण गर्ने हो : श्रम मन्त्री भण्डारी




**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ चैत ।

नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले सरकारले वैदेशिक रोजगार व्यवसाय गर्न नहुने बताएका छन् । आइतबार मन्त्रालयमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको बधाई तथा शुभकामना ग्रहणपछि व्यवसायीहरूलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले यस्तो बताएका हुन् । ‘सरकारले निजी क्षेत्रलाई वैदेशिक रोजगारमा कामदार पठाउने व्यवस्थाको सहजीकरण गरिदिने र व्यवसायीहरूले सरकारले पृष्ठ २ मा

### ‘वर्गीकरण’ले व्यवसायी झस्किए

काठमाडौं/मस- ‘अगुल्टोले हिर्काएको कुकुर बिजुलीदेखि तर्सन्छ’ भन्ने नेपाली उखान नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई शुभकामना व्यक्त गर्ने क्रममा पनि चरितार्थ भयो । संघको शुभकामना ग्रहणपछि मन्त्री भण्डारीले मन्तव्य राख्ने क्रममा वैदेशिक रोजगारीमा हुने ठगी र गैरकानुनी कामको अनगिन्ति गुनासा आइरहेको भन्दै म्यानपावर कम्पनीको क्षमता र गुणस्तर विश्लेषण गरेर उनीहरूलाई वर्गीकरण गर्दै अगाडि बढाउन आफू लागिपर्ने बताएका थिए । विगतमा लामो समय पृष्ठ २ मा

# बजेटको दर हेरफेरमा मुछिएका घिमिरेविरुद्ध भ्रष्टाचार मुद्दा

चालु आर्थिक वर्षको बजेटको दर हेरफेर भएको भनी उठेको प्रश्नमा मुछिएका रघुनाथ घिमिरेविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको हो । उक्त प्रश्नका सम्बन्धमा छानविन गर्न गठित संसदीय समितिले भने बजेटको दर हेरफेर प्रकरण भएको भन्ने प्रश्नमा त्यस्तो नपाइएको निष्कर्ष दिएको थियो ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १९ चैत ।

चालु आर्थिक वर्षको बजेटको दर हेरफेर भएको भनी उठेको प्रश्नमा मुछिएका रघुनाथ घिमिरेविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ । उक्त प्रश्नका सम्बन्धमा छानविन गर्न गठित संसदीय समितिले भने बजेटको दर हेरफेर प्रकरण भएको भन्ने प्रश्नमा त्यस्तो नपाइएको निष्कर्ष दिएको थियो ।

तर, त्यस प्रकरणमा जोडिएका नायब सुब्बा घिमिरेविरुद्ध भ्रष्टाचार मुद्दा दायर पृष्ठ २ मा

### घुससहित २ जना पक्राउ

मालपोत कार्यालय बाराका खरिदार राम विश्वास साह र लेखापढी काम गर्ने गौरीशंकर कुशवाहा घुस रकमसहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले उनीहरुलाई आइतबार १५ हजार रुपैयाँ घुस/रिसवत लिइसकेको अवस्थामा कार्यालय नजिकैको पसलबाट पक्राउ गरेको हो ।

जग्गा रजिष्ट्रेसन पास गर्नका लागि सेवाग्राहीसँग घुस मागेको सूचना एवं उजुरीका आधारमा हेटौँडाबाट खटिएको आयोगको टोलीले खरिदार साह र लेखापढी काम गर्ने कुशवाहालाई पक्राउ गरेको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए । थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२० चैत २०७९, सोमबार
3 April 2023, Monday

# पर्यटन र रैथाने विश्वविद्यालय स्थापना गरिने




**काठमाडौं/मस**–सरकारले पर्यटन र रैथाने विश्वविद्यालय स्थापनका लागि प्रक्रिया अगाडि बढाएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको अध्यक्षतामा आइतबार बसेको मन्त्रीस्तरीय बैठकले यस्तो निर्णय गरेको हो । पर्यटन विश्वविद्यालय र रैथाने विश्वविद्यालय स्थापनाका लागि विधेयक तर्जुमा समितिसमेत गठन गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सचिव सुरेश अधिकारीको संयोजकत्वमा सात सदस्यीय पर्यटन विश्वविद्यालय विधेयक निर्माण समिति बनेको छ । समितिको सदस्यमा राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, पर्यटन महाशाखा, कानुन शाखाका सहसचिव र पूर्व सचिव राजिव गौतम रहेका छन् । सदस्य सचिव नाथमका कार्यकारी निर्देशक रहनेगरी समिति बनाइएको हो ।

यस्तै डा.मानबहादुर विश्वकर्मको संयोजकत्वमा पाँच सदस्यीय रैथाने विश्वविद्यालय विधेयक तर्जुमा समिति गठन गरिएको छ । सदस्यहरूमा भोगीराज चाम्लिङ, गीता चौधरी र प्राज्ञ प्रतिष्ठानका एक जना परिषद सदस्य रहेका छन् । सदस्य सचिव सांस्कृतिक महाशाखाका प्रमुख रहने बैठकले निर्णय गरेको छ । समितिलाई विधेयक मस्यौदा निर्माणका लागि ४५ दिनको समय दिइएको छ ।

यसअघि पशुपति हिन्दु विश्वविद्यालय स्थापनाका लागि जगमान गुरुङको संयोगकत्वमा समिति गठन गरी प्रक्रिया अगाडि बढाइएको छ । पर्यटन प्रवर्द्धन गरेर मात्र देशलाई आर्थिक विकास गर्न सकिने भएको पर्यटन विश्वविद्यालय आवश्यक रहेको पर्यटनमन्त्री किरातीले बताए । यसका साथै मौलिक ज्ञान र सीपको संरक्षणसँगै समयअनुकुल वैज्ञानिकिकरणका लागि रैथाने विश्वविद्यालय स्थापना गरिने मन्त्री किरातीले बताए ।

## खुल्यो...

रहने भएको छ । नियमावलीको नियम २५७ मा महिला यस सम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'महिलाका विषयमा सभामा समान धारणा बनाउन तथा त्यस्ता धारणालाई बहस पैरवीमा ल्याउन एक महिला समन्वय समिति रहनेछ ।' समितिमा रहन सक्ने सदस्य संख्या र कार्यविधि कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले निर्धारण गरेबमोजिम हुने भनिएको छ । संसदीय क्यालेन्डरको विषयलाई पहिलो पटक प्रतिनिधिसभा नियमावलीमा समावेश गरिएको छ । तर, बाध्यकारी गरिएको छैन । प्रतिनिधिसभा नियमावलीले उपसभामुखलाई थप अधिकार दिएको छ । विगतमा प्रतिनिधिसभाको बैठकको सुरुवात र अन्त्य सभामुखले मात्रै गर्ने व्यवस्था थियो । यसलाई बदलेर यसपटक उपसभामुखले पनि प्रतिनिधिसभाको बैठकको सुरुवात र अन्त्य गर्न सक्ने व्यवस्था राखिएको छ । नियमावलीको नियम ६ अनुसार सभामुखले तोकेका दिन र समयमा प्रतिनिधिसभाको बैठक बस्नेछ । नियमावलीमा सामान्यतया सभामुखले नै प्रतिनिधिसभाको बैठकको सुरुवात र अन्त्य गर्ने परिकल्पना गर्दछ ।

यसैगरी, प्रतिनिधिसभा सदस्यहरु स्वार्थ बाझिने संसदीय समितिको सदस्य हुन नपाउने भएका छन् । विगतमा निजी विद्यालय सञ्चालक सांसद शिक्षा समितिमा, बैंकका अध्यक्ष र ठेकेदार सांसदहरु अर्थ समितिमा रहँदा स्वार्थ बाझिएको भन्दै आलोचना भएको थियो । उक्त आलोचना अनुसार सम्बोधन गर्ने प्रयास यसपटक नियमावलीमा गरिएको छ ।

यस्तै, प्रतिनिधिसभा नियमावली २०७९ मा कानूनहरुको अडिट गर्ने विषय समावेश गरिएको छ । संसदले नियमावली र निर्देशिकाहरु पनि हेर्ने भएको छ ।

यस्तै, प्रतिनिधिसभा नियमावलीमा यसपटक महाअभियोगको अवधि किटान गरिएको छ । संविधान अनुसार राष्ट्रपति, उपराष्ट्रपति, प्रधानन्यायाधीश, न्यायाधीश, न्यायपरिषद् सदस्य, संवैधानिक निकायका प्रमुख एवम् पदाधिकारीहरुविरुद्ध महाअभियोग प्रस्ताव संसदमा जान सक्छ । जसको अवधि पाँच महिनासम्म रहने परिकल्पना नियमावलीमा गरिएको छ ।'महाभियोग प्रस्तावमाथिको कारबाही प्रतिनिधि सभाले बढीमा पाँच महिनाभित्र टुंगो लगाइसक्नुपर्नेछ' महाअभियोग सम्बन्धी परिच्छेद १९ मा उल्लेख छ ।

यसैगरी, सभामुख, उपसभामुख र संसदीय समितिका सभापतिको पद रिक्त भए १५ भित्रै निर्वाचन गर्नुपर्ने विषय यसपटक नियमावलीमा राखिएको छ । केही गरी उपसभामुखको समेत पद रिक्त भएको अवस्था भए रिक्त भएको १५ दिनभित्र प्रतिनिधिसभाको जेष्ठ सदस्यले निर्वाचनको मिति तय गर्ने भनी किटान गरिएको छ ।

## देशले...

माध्यमिक विद्यालयमा अध्ययनरत रमेश भाट बिहानको प्रार्थना सकेर कक्षा ६ मा प्रवेश गरे । तर, सोही उमेरका सन्दिप लुहार कक्षा चारमा गए । 'योसँगै जन्मेकाहरू कक्षा ६ र ७ मा अध्ययन गर्छन् । मेरो छोरा भने बल्ल चार कक्षामा पढ्दै छ,' आमा सारदा लुहारले भनिन्, 'अरुले कमाउने भइसक्दा मेरो छोरा पढाई मै हुने भयो ।'

सन्दिप अरुको तुलनामा दुब्ला र पढाइमा पनि मध्यम रहेको महाकाली माध्यामिक विद्यालयका शिक्षक भक्त रावल बताउँछन् । उनले सन्दिपको खेलकुदमा रुची भएपनि राम्रो प्रदर्शन गर्न नसकेको बताए । केआई सिह गाउँपालिका-४ वायल भाडागाउँका अन्जु विकपनि कुपोषणकै शिकार भइन् । १९ वर्षकै उमेरमा आमा सुनिता विकले उनलाई २०७३ जेठमा जन्म दिएकी थिइन् । सुनिताको कथा पनि अरु छरछिमेकीको जस्तै छ । आर्थिक अवस्था कमजोर र समयमा राम्रो खाना खान नपाउनु । 'हरेक बार खाना चार'को अवधारणा अन्तर्गतको कार्यक्रममा सहभागि भएपछि पोषिला खानेकुरा सन्तुलित रुपमा मिलाएर खानुपर्छ भन्ने बारेमा सिकेको सोही गाउँकी बिस्ना बिष्टले बताइन् ।

यो अवधारणा अन्तर्गत भान्छामा पाक्ने खानेकुरा चार थरिको हुनुपर्ने जस्तै, माछा,मासु र अन्डा मध्ये कुनै एक अनिर्वाय, दाल भात र रोटी मध्ये एक हुनुपर्ने, हरिया सागपात,तरकारी खनिज, गेडागुडी र दुध,दही, मही, घीउ लगायतका खानेकुरा हुनुपर्ने मान्यता छ ।

बिस्नाले २०७३ मा जन्माएकी छोरी अहिले कडा कुपोषणको शिकार छिन् । उनले घरको कामको चापले छोरीलाई समय दिएर हेरचाह गर्न नसकेको बताइन् । उनको चाहिँ खान अभावका कारण होइन चेतना नभएर सन्तानले कुपोषित हुनु परेको हो ।

केआई सिंह स्वास्थ्य इकाईकी अनमी चित्रा रानाले धेरैजसो बालबालिका जन्मिदै कमतौलका हुने र कोही जन्मिएपछि कुपोषित हुने गरेको बताइन् ।

कृषि ज्ञान केन्द्रका अनुसार, डोटी जिल्लामा कुल ३२ हजार २७६ हेक्टर खेतीयोग्य जमिन छ । त्यसमध्ये ६ हजार सात सय ७६ हेक्टर खेतीयोग्य जमिन बाँझो छ । यहाँको ८१ प्रतिशत जनसंख्या कृषिमा निर्भर रहेको केन्द्रका प्रमुख नरेन्द्र पनेरुले बताए ।

२०७८ को जनगणनाको नतिजा अनुसार डोटी जिल्लाको कुल जनसंख्या दुई लाख ११ हजार सात सय ४६ रहेको तथ्यांक कार्यालय डोटीका सुपरिवेक्षक नेत्रराज जोशीले बताए । तथ्यांक कार्यालय डोटीका अनुसार जिल्लाबाट विदेशीने युवाहरुको संख्या झण्डै ४८ हजार पुगेको छ ।

डोटीमा पछिल्लो समय कुपोषणको समस्या बढ्दै गइरहेको छ । स्वास्थ्य कार्यालय डोटीका अनुसार पछिल्लो एक बर्षमा डोटीका ६ स्थानीय तहमा संचालन गरिएको शिविरमार्फत जचाउँदा १०७ जना बालबालिकामा कडा कुपोषण देखिएको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत सुर्य बिष्टले बताए ।

डोटीमा नौ स्थानीय तह छन् । स्वास्थ्य कार्यालयका अनुसार ६ स्थानीय तहका पाँच बर्षसम्मका कुल चार हजार ८४७ बालबालिकाको स्वास्थ्य परिक्षण गर्दा ४४१ जनालाई मध्यम प्रकारको कुपोषण देखिएको थियो ।

२०७४ सालदेखि पोषणसम्बन्धी कार्यक्रम लागू भएपछि मुडेगाउँ स्वास्थ्य चौकीमा मात्रै ३२ जना बालबालिकामा कुपोषण देखिएको अनमी कलावती बिष्टले बताइन् । डोटीमा आर्थिक बर्ष २०७६/७७ मा ६ महिनादेखि ५९ महिनासम्मका ५८ बालबालिकालाई कडा कुपोषण भएको थियो ।

आर्थिक बर्ष २०७७/०७८ मा ८१ बालबालिकालाई कडा कुपोषण भएकोमा आव २०७८/०७९ मा यो संख्या बढेर २४२ पुग्यो । यसरी हेर्दा पछिल्ला वर्षहरुमा कडा कुपोषित बालिबालिको संख्या दोब्बरदेखि तेब्बर सम्मले वृद्धि भएको देखिन्छ ।

चालु आर्थिक बर्षको असारदेखि फागुनसम्ममा १३६ बालबालिकामा कडा कुपोषण देखिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डिल्लीरमण जोशीले बताए । 'यहाँ कोही खान नपाएर त कोही खान नजानेर कुपोषणको शिकार भइरहेका छन्,' स्वास्थ्य कार्यालय प्रमुख जोशीले भने । उनका अनुसार जन्मिँदै पुड्कोपन, ख्याउटेपन, कम तौल, भएका बालबालिकालाई कुपोषित भन्ने गरिएको छ । उनले शिशु पेटमा भएका बेला आमाले पोषणयुक्त खानेकुरा नखाएमा कुपोषित बालबालिका जन्मिने बताए ।

स्थानीय तहले कुपोषित बालबालिकाका परिवारलाई बाल पोषण भत्ता स्वरुप मासिक चार सय दिदैं आइरहे पनि त्यो रकम घरायसी प्रयोजनमा खर्च गर्ने भएकाले कुपोषणको समस्या समाधान हुन नसकेको समाजसेवी लवदेव भट्टले बताउँछन् ।

## स्थानीय...

सन्तुलित भोजन स्वस्थ्य जीवनशैली र व्यक्तिगत सरसफाईका विषयमा वेला वेला अन्तक्रिया गर्ने गरेको छ ।

डोटीमा यो समस्या देखिनुको कारणबारे प्रधानाध्यापक पाठक भन्छन् 'धेरै सन्तान जन्माउनु, न्युन आयश्रोत कारण पौष्टिक आहारमा कमी, ब्यक्तिगत स्वास्थ्य र प्रजनन स्वास्थ्य शिक्षाको ज्ञान नहुनु हो ।'

अधिकारकर्मी लक्ष्मी देउवा बम पनि डोटीमा कुपोषणको समस्या सामाजिक समस्याको रुपमा रहेको ठान्छिन् । उनी भन्छिन्, 'बालबालिकाका लागि पोषण एक दरिलो जग हो । राम्रो पोषण पाएका बालबालिका राम्ररी सिक्न र हुर्कन सक्छन्, समुदायमा सहभागी हुन र योगदान दिन, तथा रोग, विपत्ति र अन्य विश्वव्यापी संकटहरूसंग लड्न सक्षम हुन्छन् । तर, पिडित बालबालिका चरम कुपोषणका कारण पुड्का हुन जान्छन् जसको उपचार सम्भव छैन ।' अधिकारकर्मी लक्ष्मीको भनाइमा, 'न्युन पोषणको रोकथाम गर्न तथा यसका परिणामहरूबाट जोगिनका लागि गर्भावस्थाको शुरुवातदेखि शिशुकोदोस्रो जन्मदिन सम्मको शुरुवाती १ हजार दिनहरुले अपूर्व अवसर प्रदान गर्दछ ।'

## उपनिर्वाचनका...

जसपा अध्यक्ष उपेन्द्र यादव आफैँ उम्मेदवार हुँदैछन् । यो क्षेत्रमा जनमत पार्टीले शिवचन्द्र कुशवाहलाई उम्मेदवार बनाउने भएको छ । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीबाट रमेश खरेल उम्मेदवार बन्ने भएका छन् । काठमाडौं १ बाट पराजित खरेललाई स्वतन्त्र पार्टीले उम्मेदवार बनाउन लागेको हो । खरेल काठमाडौं १ मा नेपाल सुशासन पार्टीबाट उम्मेदवार थिए । चितवन १ मा रवि लामिछाने आफैँ उम्मेदवार हुनेछन् ।

## सरकारले...

गरेको सहजीकरणको परिधिभित्र रहेर नेपाली युवायुवतीलाई विदेशमा रोजगारमा पठाउनुपर्ने मेरा मान्यता छ' उनले भने । मन्त्री भण्डारीले वैदेशिक रोजगारमा कामदार पठाउनु हुँदैन भन्ने कतिपय क्षेत्रबाट पाखण्डपूर्ण विचार आउने गरेको तर आफू त्यस्तो विचारमा सहमत नरहेको बताए ।

'वैदेशिक रोजगारमा कामदार पठाउनु हुँदैन भन्ने कतिपय क्षेत्रबाट हिप्पोक्रेसी (पाखण्डपूर्ण) विचार आइरहेका छन्, त्यस्तो विचारले खुल्ला बजार मान्यताको वर्तमान युगको प्रतिनिधित्व गर्दैन' मन्त्री भण्डारीले भने । वैदेशिक रोजगारमा कामदार पठाउने व्यवसायीलाई म्यानपावर भन्ने परिभाषालाई नै परिवर्तन गरेर व्यवस्थित बनाउनु आवश्यक रहेको उनको भनाइ थियो । 'मुलुकमा रेमिट्यान्स भित्र्याउन महत्वपूर्ण भूमिका खेलिरहेका व्यवसायीलाई (म्यानपावर कम्पनी) को साँघुरो दायरामा राखेर सोहीअनुसारको व्यवहार गर्नु समय सान्दर्भिक छैन' उनले भने । वैदेशिक रोजगार व्यवसायीलाई वेरोजगार युवायुवतीलाई रोजगारीमा जोड्ने (जब प्लेसमेन्ट ) एजेन्सीको हैसियतमा विकास गर्न जरुरी रहेको उनको भनाइ थियो ।

नेपाली अर्थतन्त्रमा रेमिट्यान्सको महत्वपूर्ण योगदान रहेको भन्दै मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जाने नेपालीको सुरक्षा र पठाउने व्यवसायीको सम्मान र इज्जत बढाउने काममा आफ्नो पहिलो प्रयास हुने बताए ।

'वैदेशिक रोजगार व्यवसायीका समस्या समाधानका लागि म खुला छु, एउटा सीमाभित्र रहेर खुल्ला छलफलका लागि म तयार छु, छलफलको निष्कर्ष तपाईंहरूले इमानदारपूर्वक पालना गर्नुपर्नेछ, समस्याको समाधानका लागि म बाधक बन्दिँन, विगतमा खेलकुद तथा पर्यटनको क्षेत्रमा अतुलनीय काम गरेको छु, यहाँ पनि केही न केही सुधार गर्ने चाहना छ' उनले भने ।

वैदेशिक रोजगारीमा हुने ठगी र गैरकानुनी कामको अनगिन्ति गुनासा आइरहेको भन्दै मन्त्री भण्डारीले म्यानपावर कम्पनीको क्षमता र गुणस्तर विश्लेषण गरेर उनीहरूलाई वर्गीकरण गर्दै अगाडि बढाउन आफू लागिपर्ने उल्लेख गरे ।

'व्यवसायी च्यारिटी होइनन्, व्यवसाय गरेपछि नाफा हुनुपर्छ, तर तिर्नुपर्नेले जतितिर्नु पर्ने हो त्यति तिर्नुपर्‍यो, लिनेले जतिलिने हो त्यतिमात्र लिनुपर्‍यो, सबै तोकिएको मान्यतामा बस्नुपर्ने छ' उनले भने ।

मन्त्रालयका सचिव एकनारायण अर्यालले नेपालको श्रम प्रशासन सुधारका पक्षमा धेरै काम भए पनि वैदेशिक रोजगार ऐनका कतिपय पुराना अव्यवहारिक प्रावधानले वैदेशिक रोजगार अत्यन्तै झन्झटिलो भएकोले सुधारको खाँचो रहेको बताए ।

बंगलादेशमा डिमाण्ड आएको तीन हप्तामा, भारतमा एक महिनामा कामदार उडिसक्ने तर नेपालमा भने तीन, चार र छ महिना लाग्ने अवस्थाले समस्या ल्याएको भन्दै सचिव अर्यालले यो शैलीले नेपाली कामदारले विदेशमा पाउने अवसर र मुलुकले रेमिट्यान्सका अवसर गुमाउने भएकोले वैदेशिक रोजगार क्षेत्रमा सुधार ल्याउन ऐनमा सकेसम्म छिटो संशोधन गर्नुपर्ने आवश्यकता रहेको बताए ।

वैदेशिक रोजगार व्यवसायीले अव्यवहारिक शैलीमा कामदारबाट रकम लिएको गुनासो आउने गरेको भन्दै उनले कामदारको एक महिनाको तलव बराबरको रकम सेवा शुल्क बापत लिन पाउनुपर्ने भनी उठाएको व्यवसायीको मागलाई मन्त्रालयले गम्भीरताका साथ लिएको बताए । व्यवसायीले एक महिनाको तलव बराबरको रकम मात्रै सेवा शुल्क बापत लिन्छन् भन्ने ग्यारेन्टी गर्ने अवस्था नभएकोले त्यसमा अघि बढ्न हिचकिचावटको अवस्था रहेको उनले बताए । 'सेवा शुल्क कम छ भन्ने रियलाइजेशन मन्त्रालयले गरेको छ, त्यसमा आज नै छलफल गर्न सकिन्छ, तर १० हजार तोकिएको अवस्थामा आजभोलि नै ४ लाखसम्म उठाएको जानकारी आएको छ, पछि पनि यसैगरी रकम उठाइदैन भन्ने ग्यारेन्टी के ?' उनले प्रश्न गरे । कुनै पनि बहानामा बढी रकम उठाउन नहुने उनको भनाइ थियो । जस्तोसुकै काममा जस्तोसुकै कामदार पठाउन छोडेर दक्ष कामदार मात्रै पठाउनुपर्ने उनको सुझाव दिए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगारले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याइरहेको भएपनि सरकारले नियन्त्रणमुखी प्रावधानहरू ल्याएर समस्या सिर्जना गरेको उल्लेख गर्दै नवनियुक्त मन्त्री अनुभवी भएकोले सुधारको अपेक्षा गरेको बताए । वैदेशिक रोजगार ऐन खाडी र मलेसियाको रोजगारीलाई लक्षित गरेर आएका कारण युरोपेली मुलुकमा रहेको आकर्षक रोजगारी गुमेको, जापान जस्ता आकर्षक तलव पाउने मुलुकमा सरकारले कामदार पठाउने भन्दै सम्झौता गर्ने तर कामदार नपठाउने प्रवृत्तिले मुलुक र कामदार दुवैलाई नोक्सानी गरेकोले अनावश्यकरूपमा मुलुक नै होल्ड गर्ने सरकारी प्रवृत्ति परिवर्तन हुनुपर्ने संघको धारणा रहेको उनले बताए ।

अध्यक्ष भण्डारीले कामदारको हितलाई छोडेर व्यवसायीहरूको मात्रै हित रक्षाका लागि संघले कहिल्यै आवाज नउठाउने भन्दै व्यवसायीलाई सहजीकरण गरेमा मात्रै कामदार र राज्यको हित हुने पक्षलाई आत्मसाथ गरेर नीतिनियम तर्जुमा गरिनुपर्ने मागगरे ।

ऐनमा व्यवसायीको इजाजत नवीकरण गर्न अनिवार्यरूपमा सय जना कामदार पठाउनुपर्ने बाध्यताले व्यवसायीबीच अस्वस्थ प्रतिस्पर्धा बढाएको र लाइसेन्स बचाउनकै लागि सय जना कामदार पठाउनुपर्ने बाध्यताले गुणस्तरीय वैदेशिक रोजगारको सरकारी मान्यतालाई नै आघात पारेको विषयमा अध्यक्ष भण्डारीले नवनियुक्त मन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

संघका सल्लाहकार तथा निवर्तमान संयोजक विमल ढकालले वर्तमान अवस्थामा वैदेशिक रोजगार बाध्यतात्मक अपरिहार्यता भएको तर त्यस सच्चाईलाई बुझ्ने भन्दा समस्या समाधानका लागि मन्त्रालय उदासीन बन्ने प्रवृत्ति समस्याको रूपमा रहेको बताए ।

मन्त्रालयका निर्णयहरू सस्तो लोकप्रियताको लोभले निर्देशित भएका कारण वैदेशिक रोजगार क्षेत्र विगत केही वर्षयता अस्थिरताको दुश्चक्रमा परेको उल्लेख गर्दै निवर्तमान संयोजक ढकालले सस्तो लोकप्रियताका लागि गरिने निर्णयले वैदेशिक रोजगारमा जाने कामदारमाथि असुरक्षा बढाउने काम दाबी गरे ।

प्रधानमन्त्रीदेखि अर्थशास्त्रीसम्मले सार्वजनिक भाषणमा वैदेशिक रोजगार देशको अर्थतन्त्रको मेरूदण्ड हो भनेर पटक-पटक भाषण गर्ने तर आवश्यक सुधार गर्न भने पहल नगर्ने अवस्थाको सुधार हुनुपर्ने भन्दै निवर्तमान संयोजक ढकालले रेमिट्यान्सको सुत्रधार व्यवसायी हुन्, वैदेशिक रोजगारमा जाने कामदारसँगै व्यवसायीहरूको पनि सुरक्षा हुनुपर्छ भन्ने विषयमा मन्त्रालय कन्भिन्स भएर खाडी तथा मलेसियामा कामदार पठाउने नेपालका छिमेकी भारत, बंगलादेश, पाकिस्तान र श्रीलंकामा के कस्तो व्यवस्था छ त्यस बारेमा अध्ययन गरेर कामदार सुरक्षित र व्यवसायीको आत्मसम्मान बढाउने गरी निर्णय लिन मन्त्री भण्डारीको ध्यानाकर्षण गरे ।

त्यसअवसरमा कार्यसमितिका पदाधिकारी तथा सदस्य, संघका कानुनी सल्लाहकार वरिष्ठ अधिवक्ता शम्भु निरौला तथा अधिवक्ता देवराज कटुवाललगायत विभिन्न घटकमा आवद्ध वैदेशिक रोजगार व्यवसायीको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन संघका महासचिव मेघनाथ भुर्तेलले गरेका थिए ।

## वर्गीकरणले...

म्यानपावर कम्पनीको वर्गीकरण एजेन्डाविरूद्ध उभिएका वैदेशिक रोजगार व्यवसायीहरु मन्त्री भण्डारीको उक्त अभिव्यक्ति सुन्नासाथ मुखामुख गरेपनि मन्त्रालयको कार्यकक्षमा केही बोलेनन् ।

तर शुभकामना कार्यक्रम सकेर भऱ्याङबाट तल झर्दै व्यवसायीले भने, 'मन्त्री बनेको दुई दिन नहुँदै कस्ले मन्त्रीको कान भरेछ, विगतमा व्यवसायीको आन्दोलनको दबाबले किनारा लागेको विषयमा फेरि आन्दोलन उत्रिनु पर्ने त होइन ?

## बजेटको...

भएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार भन्सार विभाग काठमाडौंका तत्कालीन नायब सुब्बा घिमिरेविरुद्ध २ करोड १४ लाख ४६ हजार ६५७ रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

आयोगका प्रवक्ता भोला दाहालका अनुसार घिमिरेले सार्वजनिक सेवामा रहँदा पदको दुरुपयोग गरी गैरकानुनीरूपमा स्रोत नखुल्ने सम्पत्ति आर्जन गरेर श्रीमती शारदा गौतमको नाममा जग्गा खरिद, घर निर्माण, कम्पनीमा लगानी, शेयर खरिद र विभिन्न बैंक खातामा समेत राखेका थिए ।

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम शारदा गौतमलाई प्रतिवादी कायम गरी उपलब्ध बिगो जफत गरी कारबाहीको माग गर्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

यसैगरी, सर्लाहीको लालबन्दी नगरपालिकाका शिक्षा शाखा प्रमुख वासुदेव तिमल्सिनासहित ३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन उप-जिल्ला शिक्षा अधिकारीसमेत रहेका (उपसचिव) तिमल्सिनासहित साविक डिम जनता उच्च माध्यमिक विद्यालय, परवानीपुरका तत्कालीन प्राचार्य (हाल रामअवतार जनता माध्यमिक विद्यालय हरिवन) का प्रधानाध्यापक नारायणप्रसाद बराल र केश्वर गरिब जनता माध्यमिक विद्यालय हरिपूर्वाका शिक्षक पाँचु रायविरुद्ध मुद्दा दायर गरेको हो ।

उनीहरुविरुद्ध गलत लिखत तयार गरी भ्रष्टाचार गरेको अभियोगमा आइतबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहाले जानकारी दिए ।

उनकाअनुसार हरिपूर्वा नगरपालिका वडा नम्बर ५ स्थित केश्वर गरिब जनता माध्यमिक विद्यालय, सर्लाहीमा कार्यरत उच्च माध्यमिक शिक्षक रायले डिम जनता माध्यमिक विद्यालयको नक्कली नियुक्तिपत्र बनाएर जिल्ला शिक्षा कार्यालय, सर्लाहीको उप-जिल्ला शिक्षा अधिकारीको मिलेमतोमा केश्वर गरिब जनता माध्यमिक विद्यालय, सर्लाहीमा सरुवा भई कार्यरत रहेको उजुरीका आधारमा अख्तियारले अनुसन्धान गरेको थियो ।

अनुसन्धानका क्रममा तिमल्सिनाले साविक डिम जनता उच्च माध्यमिक विद्यालयमा उच्च माध्यमिक शिक्षक अनुदान कोटामा नियुक्त नै नभएका रायलाई नियुक्ति दिलाएको देखिएको अख्तियारले जनाएको छ । नियुक्ति प्रक्रिया, हाजिरी रेकर्डलगायतका अभिलेख बिना साविक जिल्ला शिक्षा कार्यालय, सर्लाहीका शिक्षक सरुवा पदस्थापन गर्ने अधिकार प्राप्त अधिकारीको निर्णय बिना नै तिमल्सिनाले रायलाई केश्वर गरिब जनता माध्यमिक विद्यालयको तत्कालीन उच्च माध्यमिक शिक्षक अनुदान कोटामा सरुवा गर्ने कार्यमा भूमिका खेले । सरुवा पदस्थापन गर्न साविक जिल्ला शिक्षा कार्यालय, सर्लाहीको नियुक्ति समर्थन/अभिलेख कायम तथा सरुवा पदस्थापन विषयको नक्कली लिखत बनाई केश्वर गरिब जनता माध्यमिक विद्यालय, सर्लाहीमा सरुवा पदस्थापना गरेको अख्तियारले जनाएको छ । यो प्रक्रियामा वदनियतपूर्वक सार्वजनिक संस्थामा नक्कली शिक्षक हुने व्यवस्था मिलाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको देखिएकाले मुद्दा दायर गरेको अख्तियारले जनाएको छ ।

उनीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेकाले र सोही ऐनको दफा ९ बमोजिम कैद सजाय र जरिबाना गर्न माग विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

Link International Placement Service Pvt.ltd.
को अत्यन्त जरूरी सूचना

यस Link International Placement Service Pvt. Ltd. (**श्रम इजाजत पत्र नं. ८२१/०६६/०६७**) मार्फत कुवेतमा वैदेशिक रोजगारका लागि जिल्ला तनहुँ, व्यास न.पा., वडा नं.–६ निवासी **राम कुमाल (राहदानी नं.: ०९८७४८२२)** ले आवेदन दिई भिसा आइसकेको तर उहाँ यस प्रा.लि.को सम्पर्कमा नरहेको हुनाले यो सूचना मार्फत तुरुन्त यस प्रा.लि.को सम्पर्क नं. वा आधिकारि व्यक्तिलाई सम्पर्क गर्नका लागि यसै सूचना मार्फत जानकारी गराइन्छ ।

Govt. Lic. No.: 821/066/067
Link International
Placement Service Pvt.ltd.
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu,Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

६६ औं राष्ट्रिय सहकारी दिवस
को अवसरमा सम्पुर्ण सहकारीकर्मीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पाँच तारा बचत तथा ऋण सहकारी संस्था लि.
Five Star Saving & Credit Co-operative Ltd.

मितेरी बचत तथा ऋण सहकारी संस्था लि.
महालक्ष्मीस्थान-५, ललितपुर
सम्पर्क नं.: ५-५४११४४,५-५५०६९७

Maheshwar Prasad Shrestha
M.Com. (T.U.)
Chairperson
Lumbini Saving & Credit Co-operative Co. Ltd.
Butwal-6, Nepal
Phone : 00977 71 536672, 532072 (Off)
Fax : 00977 71 553072
E-mail : lumbinis@yahoo.com, maheshwarbtl@gmail.com

कुमारी सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.
Kumari Saving & Credit Co-Operative Ltd.
(KUSCCOOP)
Kumari is My First Choice Co-operative

Parawartan Multipurpose Co-operative Ltd.
Hadigaun, Kathmandu
Ph.: 01-4519992

खोटाङ्ग जलेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
बु.न.पा. - १०, रुद्रमतीचोक, कपन
फोनः ०१-४८२३०७०

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
HEAD OFFICE
Lamki Chuha , Kailali
Tel. No.: 091-540426/540450 Fax no.: 540103
Email : info@kisancoop.com.np
Web : www.kisancoop.com.np

Sukrapath Multipurpose Co-operative Ltd.
Newroad, Kathmandu
Ph.: 01-5713455

अर्थ जीवन दृष्टि बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रिय कार्यलयः महालक्ष्मी प्लाजा
कालीमाटी, काठमाडौं
फोनः ०१-५६७२५४३

हाम्रो सहयोग बचत तथा ऋण सहकारी संस्था लि.
असन, काठमाडौं
फोनः ०१-४२५४३४६

Tripura Bhimeshwor Saving & Credit Co-operative Ltd
Chabahil, Gopikrishna, Kathmandu
Ph.: 01-4812808

श्री कलंकी माई बचत तथा ऋण सहकारी संस्था लि.
धर्मपथ-२३, न्युरोड, काठमाडौं
फोनः ०१-५३२२६६५, ५३२२७२७

NAVAJEEVAN CO-OPERATIVES LTD.
Dhangadi, Kailali
Ph.: 091-520283

Janasachetan Saving and Credit Cooperative Society Ltd.
Address : Baiteshwor Rural Municipality, Ward No. 5, Mainapokhari, Dolakha
Phone : 049-411004, 4110005
Email : info@janasachetan.org.np

# रुघाखोकी लाग्दा एन्टिबायोटिक प्रयोग नगर्न मन्त्रालयको आग्रह



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ चैत

सरकारले मौसमी रुघाखोकी लाग्दा जथाभावी रुपमा एन्टिबायोटिक प्रयोग नगर्न आग्रह गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सूचना निकाल्दै मौसमी रुघा खोकीमा जथाभावी रुपमा एन्टिबायोटिक प्रयोग नगर्न आग्रह गरेको हो।

मौसमी फ्लुबाट बच्न फ्लु लागेका व्यक्तिबाट टाढै बस्न, आफू बिरामी पर्दा अरुलाई सुरक्षित राख्न घरमै बस्न समेत मन्त्रालयको आग्रह छ।

त्यस्तै, घरमा कसैलाई फ्लु लागे वा रुघाखोकी लागे सबैले मास्क लगाउन, खोक्दा हाच्छिउँ गर्दा नाक, मुख छोपौं, बेलाबेलामा साबुनपानीले हात धुन, हातले आँखा, नाक वा मुख नछुन आग्रह छ।

त्यस्तै, तातो पानी पिउने, बाफ लिने जस्ता घरेलु उपचार विधि अपनाऔं, प्रशस्त मात्रामा तातो पानी र झोलिलो खानेकुरा खान मन्त्रालयको सुझाव छ। गाह्रो भएमा स्वास्थ्यकर्मीसँग परामर्श र सम्भव भएसम्म फ्लु विरुद्धको खोप लगाउन मन्त्रालयको सुझाव छ।

२४ घण्टामा ७०१ जना कोरोना १९ को संक्रमण परीक्षण गर्दा ३८ जनामा कोरोना पुष्टि भएको छ। सोही समय १४ जना संक्रमित संक्रमणमुक्त भएका छन्। सोही समयमा १८ हजार ५९२ जनाले कोरोना विरुद्धको खोप लगाएका छन्। यो सँगै नेपालमा सक्रिय संक्रमितको संख्या १ सय ९४ पुगेको छ।

## मलेरियाको उच्च जोखिम क्षेत्रमा विषादी

जिल्ला स्वास्थ्य कार्यालय कन्चनपुरले मलेरियाको उच्च जोखिम क्षेत्रमा विषादी छर्किने अभियान शुरु गरेको छ। सोमबारदेखि जिल्लाका उच्च जोखिम भएका क्षेत्रमा विषादी छर्किन लागेको स्वास्थ्य कार्यालयका औलो निरीक्षक सिद्धराज भट्टले जानकारी दिए। जिल्लामा मलेरीयाको उच्च जोखिम रहेको क्षेत्र भीमदत्त नगरपालिका-१ र कृष्णपुर नगरपालिका-५ मा विषादी छर्किन लागिएको हो ।

'मध्यम जोखिम भएका क्षेत्रका झुल वितरण गरेका छौं, सरकारको योजनाअनुसार सन् २०२५ सम्ममा जिल्लालाई मलेरिया शून्यमा झार्ने लक्ष्यले काम भइरहेको छ', भट्टले भने। त्यसैगरी भीमदत्तका वडा नम्बर ९, १० र बेदकोट नगरपालिकाका वडा नम्बर १, २ र ६ का सबै नागरिकलाई झुल वितरण गरिएको छ। कन्चनपुरमा चालु आर्थिक वर्षमा २१ मलेरियाका बिरामी फेला परेका छन्। तीमध्ये १६ बाहिरबाट आएका व्यक्तिमा सङ्क्रमण देखिएको भट्टले बताए। त्यसमध्ये छ जनामा कडा खाले मलेरिया देखिएको छ भने अन्य १४ मा कम कडा भएको मलेरिया देखिएको निरीक्षक भट्टले बताए। 'जिल्लामा भारत तथा अन्य ठाउँबाट आउनेमा बढीजसो मलेरिया देखिने गरेको छ, पछिल्ला वर्षको तथ्यांक हेर्दा जिल्लामा बिरामीको संख्या घट्दै गएको छ', उनले भने। कन्चनपुरमा हाल प्लाज्मोडियम विबक्स र प्लाज्मोडियम फाल्सिपेरम जातका बिरामी देखा परेका जनाइएको छ।

# नेपाल पर्यटन महोत्सव आयोजना गरिने



**काठमाडौं/मस-** नेपालको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनसँगै पर्यटनको नीतिगत बहस र पैरवी गर्ने उद्देश्यले नेपाल पर्यटन महोत्सव 'नेपाल टुरिज्म फेस्टिभल २०२३' आयोजना गरिने भएको छ।

नेपाल पर्यटन बोर्डको सहयोगमा नेपाल पर्यटन प्रवर्द्धन (एनटिपी) मल्टिमिडिया ग्रुपको आयोजनामा काठमाडौंको वसन्तपुरमा आगामी वैशाख १ र २ गते महोत्सव आयोजना गर्न लागिएको आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ।

नयाँ शिराबाट पर्यटन प्रवर्द्धन गर्नुका साथै पर्यटनको नीतिगत बहस तथा छलफल चलाउने उद्देश्यले महोत्सवको तयारी गरिएको एनटिपीका अध्यक्ष विष्णुबहादुर विश्वकर्माले बताए। उनका अनुसार वैशाख १ गतेलाई आन्तरिक पर्यटन दिवसका रुपमा मनाउने लक्ष्यका साथ महोत्सवको आयोजना गर्न लागिएको हो। महोत्सव हरेक वर्ष हुनेछ। नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले महोत्सवका माध्यमबाट पर्यटनको नीतिगत सुधारमा सरोकारवालाको धारणासहित दीगो पर्यटन विकासका निम्ति महोत्सवले भूमिका खेल्ने विश्वास व्यक्त गरे। नेपाल एशोसिएशन अफ टूर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) का पूर्वअध्यक्ष अच्युत गुरागाईंले नेपालको पर्यटन नीतिलाई समयसापेक्ष बनाउन बहस र पैरबी गर्दै पर्यटनको नीति र योजना बनाउन महोत्सव उपयोगी हुने बताए।

महोत्सवमा विभिन्न बिदाको पर्यटन केन्द्रित दश 'सेसन' सञ्चालन हुनेछन्। महोत्सको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले उद्घाटन गर्नेछन् भने अन्तिम सेसन 'पर्यटनमा राजनीति : मिसन, भिजन र भिजिट नेपाल' शीर्षक संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको हुने आयोजकले जनाएको छ।

'घुम्ने, घुमाउने र घुम्न प्रेरित गर्ने' मूल नाराका साथ आयोजना हुने महोत्सवको अन्य सेसनमा 'पर्यटन प्रवर्द्धन र पूर्वाधार विकास', स्वास्थ्य पर्यटन, चलचित्र पर्यटन, चलचित्र पर्यटन, पर्यटनमा जलवायु परिवर्तनको असर र हिमाल सेसन सञ्चालन गरिनेछ।

युवा पर्यटन अभियान्ता, सात प्रदेशको पर्यटन सम्भावना, सम्पदा, 'एयरलाइन्स टुरिज्म' का साथै नेपालमा रहेका विभिन्न विदेशी राजदूतको नेपाल अनुभव, खेल तथा सौन्दर्य पर्यटनबारे छलफल हुनेछन्।

### मार्चमा करिब एक लाख पर्यटक भित्रिए

गत मार्च महिनामा करिब एक लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन्। नेपाल पर्यटन बोर्डका अनुसार यस अवधिमा ९९ हजार ४२६ जना विदेशी पर्यटक नेपाल आएका छन्।

सो अवधिमा सार्क राष्ट्रबाट ३३ हजार ४५४, अन्य एशियाली राष्ट्रबाट १५ हजार ६४३, यूरोपबाट २३ हजार २६५, ओसियन राष्ट्रबाट तीन हजार ९५८ जना पर्यटक नेपाल आएका छन्। साथै क्यानडाबाट एक हजार ७०७, अमेरिकीबाट नौ हजार ५५७ का साथै मिडल इस्टलगायतका देशबाट १० हजार ३७५ पर्यटक नेपाल भित्रिएका छन्।

यस अवधिमा सबैभनदा धेरै भारतबाट २५ हजार ९११ पर्यटक नेपाल आएका छन्। जबकी गत वर्षको मार्च महिनामा भारतबाट १५ हजार १३ जना पर्यटक आएका थिए। अमेरिकाबाट गत वर्षको सोही अवधिमा चार हजार ८९६ पर्यटक आएकोमा यसपटक नौ हजार ५५७ जना पर्यटक आएका छन्। मार्च महिनामा भारत, अमेरिका, यूके, जर्मनी र श्रीलंकाबाट सबैभन्दा धेरै पर्यटक नेपाल आएका छन्। कोरोना महामारीपछि नेपालमा भित्रिने पर्यटकको संख्या सुधारोन्मुख अवस्थामा छ।

# पुष्प मेलामा ८४ लाखको कारोबार



**काठमाडौं/मस-** पुष्प व्यवसायको प्रवर्द्धन गर्ने मुख्य उद्देश्यसहित शुरु भएको २४औं फ्लोरा एक्स्पो मेलामा लक्ष्यभन्दा बढी रु ८४ लाखको आर्थिक कारोबार भएको छ। यही चैत १७ देखि शुरु भएको मेलामा ३८ हजारले अवलोकन गरेका छन्। मेलामा जम्मा रु ७५ लाख कारोबार हुने लक्ष्य लिइएको थियो तर तीन दिनमै लक्ष्यभन्दा बढी कारोबार भइसकेको छ। सोमबारसम्म रु एक करोड कारोबार हुने फ्लोरिकल्चर एशोसिएशन नेपालको अध्यक्ष मीनबहादुर तामाङको विश्वास छ। उनका अनुसार करिब ५० हजारले मेलाको अनुगमन गर्नेछन्।

मेलामा विशेषगरी घरभित्र सजाउन प्रयोग गरिने फूल र घर बाहिर बगैंचामा सजावटको लागि प्रयोग गरिने फूल उपभोक्ताको रोजाइमा परेको छ। फ्लोरिकल्चर एशोसिएशन नेपालको आयोजनामा सञ्चालन गरिएको मेलामा ७० वटा कक्ष रहेका छन्। जसमा व्यवसायी ६० छ भने सूचनामूलक १० कक्ष रहेका छन्। मेलामा चार सय ५० भन्दा बढी फूल बिरुवाको प्रदर्शन गरिएको छ।

त्यसैगरी नर्सरी व्यवसायीद्वारा उत्पादित आलङ्कारिक फूल बिरुवा, मौसमी फूल, स्टल सजावट, बगैंचा सजावट, पुष्प सजावटजस्ता उत्कृष्ट विधामा प्रतिस्पर्धा गराइ पुरस्कृतसमेत मेलामा गराइनेछ। मुख्यगरी तिहारमा प्रयोग हुने सयपत्री, मखमली र गोदावरी फूलमध्ये केही सयपत्री फूलको मालामात्रै भारतबाट ल्याउने गरिएको छ। अन्य समयमा प्रयोग हुने फूलमा भने देश आत्मनिर्भर भइसकेको छ।

फूलको मागमा आएको वृद्धिसँगै विशेष गरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४३ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ। नेपालमा हाल व्यावसायिक रूपमा चार सय ५० प्रजातिका फूल उत्पादन हुँदै आएको छ।

नेपालमा विसं २००७ देखि शुरु भएको पुष्प व्यवसाय सहरीकरणको विकास तथा विस्तारसँगै फस्टाउँदै गएको छ। कात्तिकदेखि फागुनसम्म विभिन्न चाडपर्व र विवाहको मौसम पर्ने हुँदा फूल बढी प्रयोग हुने गर्दछ। नेपालमा लगभग एक सय ५७ हेक्टर क्षेत्रफलमा सात सय व्यवसायीले यसको खेती गर्दै आएका छन्। कोरोना महामारीकै कारण विगतका वर्षमा लक्ष्यमा पुग्न निकै कठिन परेको भए पनि अहिलेकै अवस्थामा कारोबार गर्न सके यस वर्ष लक्ष्यमा पुग्न निकै सहज हुने विश्वास एसोसिएसनले लिएको छ।

# दुर्घटनामा अधिकृतको मृत्यु




**काठमाडौं/मस-** काठमाडौं बल्खुमा ट्रकले ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको छ।

आइतबार दिउँसो साढे १२ बजे बल्खु चोकमा मालवाहक ट्रकले स्कुटरलाई ठक्कर दिँदा चालकको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ।

मृत्यु हुनेमा अर्घाखाँची छत्रदेव गाउँपालिका-५ चन्द्रागिरि नगरपालिका-१२ सतुंगल बस्ने ३८ वर्षीय भूपति पाण्डे रहेका छन्। उनी शाखा अधिकृत हुन्।

उनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन विभागको कार्यालयमा कार्यरत थिए।

सानेपाबाट कलंकीतर्फ जाँदै गरेको बागमती प्रदेश-०३-००१ ख १७१५ नम्बरको १२ चक्के मालवाहक गाडीले सोही दिशा जाँदै गरेको बा अअ ९८३५ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो। प्रहरीका अनुसार ट्रक तिव्र गतिमा नभएको र स्कुटर अगाडि भएको नदेख्दा दुर्घटना भएको सिसिटिभी फुटेजमा देखिएको छ।

गम्भीर घाइते भएका पाण्डेलाई नजिकैको वयोधा अस्पतालमा लगिएको थियो।

अस्पतालमा पुर्‍याएपछि चिकित्सकले मृत घोषणा गरेका थिए।

प्रहरीले चालक ४३ वर्षीय ट्रक चालक अर्जुन ढुंगानालाई पक्राउ गरेको छ।

## Jaljala Rural Municipality
## Office of the Rural Municipal Executive

**Lamakhet, Parbat**
**Gandaki, Province, Nepal**

### Notice for the Letter of Intent

**(Publication Date: 3rd April, 2023)**

This is to notify all the concerned bidder that, it is our intention to award the contract for execution of following Works at given bid prices, as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially and this letter is issued in accordance with Public Procurement Act 2063's section 27(2) and 47(3).

| S.No. | Contract Name and Contract I.D. | Selected Bidder's Name and Address | Selected Bidder's Price (With V.A.T.) | Remarks. |
|---|---|---|---|---|
| 1. | Supply and Delivery of Basic and Emergency Service medicine and sergical item for Jaljala RM (JRM/SQ/Goods/01/2079-80) | Candela Medi Concern Kathmandu, Nepal | 1000598.05 (Ten Lakh Five Hundred Ninty Eight Rupees and Zero Five Paisa Only) | |

**Chief Administrative Officer**

## कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमी साझेदारी कार्यक्रम

**समाज उत्थान कल्याण संघ, महोत्तरी**

### बोलपत्र आव्हानको सूचना

**सूचना प्रकाशित भएको मिति:२०७९।१२।२०**

**सिलबन्दी बोलपत्र आव्हानको सुचना नं. 01/NCB/GOAT/SUWA/2079/080**

रामगोपालपुर नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग र समाज उत्थान कल्याण संघ, महोत्तरीको सहजिकरणमा संचालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमी साझेदारी कार्यक्रममा आवश्यक गुणस्तरीय जातका बाख्रा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रास्ट्रिय स्तरको खुल्ला बोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा संस्थालाई यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

**बोलपत्रको विवरण:**

| क्र.सं. | सामाग्रीको नाम | परिमाण | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र मान्य हुने अवधि | सिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | गुणस्तरीय जातका बाख्रा माउ/पाठीहरु | ३४८ | ८२,५०० | ३००० | ९० दिन | २०८०/०१/१९ कार्यालय समय भित्र | २०८०/०१/२० गते दिनको १२ बजे भित्र | २०८०/०१/२० गते दिनको २:३० बजे भित्र |

१. बोलपत्र खरिद गर्न चाहने इच्छुक योग्य बोलपत्र दाताहरुले बोलपत्र सम्बन्धी कागजात यस साझेदारीमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमी साझेदारी कार्यक्रम अन्तर्गतको समाज उत्थान कल्याण संघ,महोत्तरीको,कार्यालयबाट लिखित निवेदन पेश गरी मिति २०८०/०१/१९ गते सम्म कार्यालय समय भित्र प्राप्त गर्न सक्नेछन्। त्यस्तो निवेदनको साथमा कम्पनी/फर्म/व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिप र बोलपत्र सम्बन्धी कागजातको दस्तुर पेश गर्नु पर्नेछ।
२. बोलपत्र सम्बन्धि कागजात तथा प्राविधिक स्पेसिफिकेसन लगायतका विषयमा छलफल गर्न मिति २०८०।०१।०५ गते दिनको १ बजे यस कार्यालयमा पूर्व-बोलपत्र बैठक आयोजना हुनेछ।
३. शिलबन्दी गरिएको बोलपत्र मिति २०८०/०१/२० गते दिनको १२ बजे भित्र साझेदारीमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमी साझेदारी कार्यक्रम अन्तर्गतको समाज उत्थान कल्याण संघको कार्यालय जलेश्वर महोत्तरीमा पेश गर्नु पर्ने। उल्लिखित समय भन्दा ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन। बोलपत्रको साथ कम्तिमा रु.८२५००/-को बोलपत्र जमानत वा राष्ट्रिय वाणिज्य बैक लिमिटेड जलेश्वर शाखाको खाता न. १२७०१०००८००९९००१ (खाताबालाको नाम: समाज उत्थान कल्याण संघ)मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नु पर्ने छ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्र बोलपत्र खोलेको मितिबाट कम्तिमा पनि १२० दिन बढी हुनु पर्नेछ।
४. तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहने बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा साझेदारीमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमी साझेदारी कार्यक्रम अन्तर्गतको समाज उत्थान कल्याण संघको कार्यालय जलेश्वर महोत्तरीमा मिति २०८०/०१/२० गते दिनको २:३० बजे खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन अन्तिम दिन कायम हुनेछ। त्यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिने छ।
६. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमी साझेदारी अन्तर्गतको समाज उत्थान कल्याण संघको कार्यालय जलेश्वर महोत्तरीमा सुरक्षित रहने छ।
७. बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र सम्बन्धि अन्य जानकारीका लागि कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमी साझेदारी अन्तर्गतको समाज उत्थान कल्याण संघको कार्यालय जलेश्वर महोत्तरीको सम्पर्क न.९८४४०२६६९३, ९८४४०२६०८२,९८०१६२६०८२ वा **suwamahottari@gmail.com** सम्पर्क गर्न सकिने छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७५/११/२७ मा दर्ता भएको **प्रा.लि. नं. २१०४२५** को **थ्रि पिल्लर्स कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



मध्यान्ह
www.madhyanhadaily.com
२० चैत २०७९, सोमबार
3 April 2023, Monday

## सम्पादकीय

### नेतृत्वले रोक्नुपर्ने उल्टो गति

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री निर्वाचित भएको भोलि सय दिन पुरा हुनेछ । सरकारको सय दिनलाई हनिमुन अवधि मानिने गर्छ । संरचना बुझ्न र नयाँ कामको थालिन गर्न समय लाग्ने भएकाले सामान्यतः सरकारलाई हनिमुन अवधि दिइने गर्छ । त्यो भनेको सय दिनसम्म सरकारको आलोचना उचित हुन्न भन्ने मान्यता रहिआएको छ । हुनत जनताको अपेक्षा सम्बोधन र संविधानको पालना सरकारको सधैंको दायित्व हो । त्यसैले सरकार बनेदेखि अर्को सरकार नबनेसम्मै परीक्षा हुने गर्छ । त्यति हुँदा पनि कमजोरी भइहालेछ भने पनि सुधार गर्ने समय दिइनुपर्ने मान्यताले हनिमुन अवधि भन्ने गरिन्छ । तर यसपटक प्रधानमन्त्री प्रचण्डलाई हनिमुनको अवसर समेत दिइएन । त्यसको कारण भने स्वयम् प्रधानमन्त्रीकै निर्णय थियो ।

१० पुसमा जुन गठबन्धनबाट प्रधानमन्त्री बनेका थिए, दुई महिनाभित्रै अर्को गठबन्धनतिर लाग्ने निर्णयका कारणले हनिमुन अवधिको अवसर पाएनन् । आफूलाई प्रधानमन्त्री बनाउने नेकपा एमालेसँग भएको सहमति तोडेर कांग्रेसतिर प्रचण्ड लागेकाले अहिलेसम्म मन्त्रिपरिषद्ले पूर्णता समेत पाउन सकेको छैन । १७ चैतमा मन्त्रिपरिषद् बिस्तार गर्दा पनि अहिले प्रचण्ड नेतृत्वको सरकारमा १७ जना मात्रै मन्त्री छन् । ६ वटा मन्त्रालय प्रधानमन्त्री प्रचण्डले नै चलाउँदै आएका छन् । प्रचण्डले गठबन्धन बदलेपछि एमाले र राप्रपा सरकारबाट बाहिरिएको र त्यो भन्दा अगाडि रास्वपाले समेत सरकार छोडेकाले प्रचण्डले लामो समय १६ मन्त्रालय एक्लै चलाएका थिए । फेरि सत्तारूढ दल नेपाली कांग्रेसभित्र समस्या देखिदा प्रचण्डले मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेनन् ।

अर्थात् प्रचण्डले सयदिनको हनिमुन अवधिलाई आफैले समेत उपयोग गरेनन् । यो अवधिमा गठबन्धन बनाउने र भत्काउनेमै सिध्याए । अझ मन्त्रिपरिषद् अधुरै हुँदा सेवा प्रवाह समेत प्रभावकारी बन्न सकेन । जबकी गत चुनावमै नेपाली राजनीतिमा देखिदै आएको सत्ता केन्द्रीत यस्ता खाले प्रवृत्तिविरूद्ध मत परेको थियो । कांग्रेस, एमाले र माओवादी जस्ता पार्टीको आकार खुम्चिदा रास्वपा, राप्रपा, जनमत पार्टी र नागरिक उन्मुक्ति लगायतले अप्रत्यासित मत पाएका थिए । तर पुराना दलहरूमा कुनै सुधारको गुञ्जायस नभएको सन्देश बितेको तीन महिनामै देखिएको छ । त्यसैको प्रतिबिम्ब प्रचण्ड प्रधानमन्त्री बनेको सय दिनमा दुई गठबन्धन फेरिनु, दुई पटक विश्वासको मत लिनु, तर मन्त्रिपरिषद् अधुरै रहनु हो । यसर्थ नागरिकमा नेतृत्वप्रति झनै निराशा बढेको छ । त्यो निराशा प्रत्यूत्पादक बन्नु अगाडि नै नेतृत्व बुझ्न जरूरी छ ।

# खेलाडी पलायनको समस्या

*नेपाली फुटबल क्लबहरू सधैँ ऋणबाट नै सञ्चालित छन् । न क्लबहरू व्यवसायिक बन्न सके न त खेलाडीलाई आफ्नै क्लबमा राख्न सकेका छन् । सिजन पिच्छे क्लब फेर्नुपर्ने खेलाडीको परिपाटी नै बनेको छ ।*

अग्रलेख



● झलक शर्मा

यति बेला नेपाली फुटबलमा सहिद स्मारक ए डिभिजन लिग चलिरहेको छ । यही बिचमा अखिल नेपाल फुटबल संघले प्राइम मिनिष्टर थ्रि नेशन कप आयोजना गऱ्यो । यस प्रतियोगितामा आयोजक नेपालसहित लाओस र भुटानको सहभागिता रह्यो । सिङ्गल राउन्ड रोबिनका आधारमा भएको यो प्रतियोगितामा उत्कृष्ट दुई टिम नेपाल र लाओस फाइनल खेले । नौ हजार १६५ जना घरेलु समर्थकको साथ पाएको नेपालले लाओसलाई २-१ ले हराउँदै उपाधी घरमा नै भित्र्याउन सफल रह्यो । यो जितले मात्रै नेपाली फुटबल समर्थक खुशी छैनन् । ३९ वर्षको लामो इतिहासमा नेपाली टिम पहिलो पल्ट भुटानविरुद्ध जित निकाल्नबाट बञ्चित भयो । खेलमा वर्चस्व पनि भुटानको नै देखियो । नेपालले भुटानसँग इतिहासकै सबैभन्दा कमजोर प्रदर्शन गऱ्यो । नेपाल भुटानविरुद्ध हार टारेको खेलमा १-१ को बराबरी खेल्यो । उपाधि जितेको भएता पनि नेपालको खेल भने निकै खस्केको देखियो ।

नेपाली फुटबलका समर्थकमा खेलाडी पलायनको चिन्ताले सताएको छ । लिग चल्दै गर्दा राम्रो लयमा रहेका एवम् राष्ट्रिय टिमका महत्वपूर्ण खेलाडी सुनिल बल, सुजल श्रेष्ठ र रन्जित धिमाल विदेश हाँकिए । सुजल श्रेष्ठले विदेश जाने दिनमा नै अन्तर्राष्ट्रिय खेलबाट सन्यास पनि लिए । केही दिनपछि अरु चर्चित खेलाडी पनि विदेश जाने योजनामा छन् । नेपाली खेलाडी विदेश पलायन हुनुको तितो यथार्थ खेल खेलेर जीवन गुजार्न नसक्नु नै हो । नेपाली फुटबलले खेलाडीको भविष्य सुनिश्चित गर्न सकेन । खेल खेलेर न जीवन सुधारियो न त पेट नै भरियो । भोक भोकै राष्ट्रका लागि खेल्नुपर्ने बाध्यता नेपाली फुटबल खेलाडीमा छ । खेलाडीका यी समस्या नेपाली फुटबलका अगुवाहरुले सुन्दै सुन्दैनन् । कानमा तेल हालेर बसेको एन्फाले विदेश पलायनलाई रोक्ने कुनै उपाय सोचेको छैन । झन् लिगमा विदेशी खेलाडीको कोटा थपेर नेपाली खेलाडीलाई बेवास्ता गरेको छ । नेपाली फुटबल क्लबमा प्रायः अफ्रिकन खेलाडीहरु आबद्ध हुने गरेका थिए । आजभोली भने क्लबहरुले युरोप तथा दक्षिण एसियाली मुलुकका खेलाडीहरु अनुबन्ध गर्न थालेका छन् । विदेशी खेलाडी नेपाली फुटबलमा आबद्ध हुँदा खेलको स्तर त बढेको छ तर, नेपाली खेलाडीको स्थान भने गुम्दै गएको छ ।

नेपाली फुटबल क्लबहरु सधैँ ऋणबाट नै सञ्चालित छन् । न क्लबहरु व्यवसायिक बन्न सके न त खेलाडीलाई आफ्नै क्लबमा राख्न सकेका छन् । सिजन पिच्छे क्लब फेर्नुपर्ने खेलाडीको परिपाटी नै बनेको छ । फुटबल क्लबले सम्झौता गरेअनुसार तलब पनि दिन सकेका छैनन् । यस्तो भयावह अवस्थाबारे नेपाली फुटबलमा सन्नाटा छाएको छ । यसबारे सबै फुटबल खेलाडी र समर्थक चिन्तित छन् । राज्यले किन खेलाडीलाई संरक्षण गर्न सकेन ? विगतमा राष्ट्रका लागि खेलेका खेलाडीहरु अहिले कस्तो अवस्थामा छन् ? उनीहरुको हालको अवस्था तथा जीवनचर्या कस्तो प्रकृतिको छ भन्ने कुरामा सम्बन्धित निकायको किन ध्यान जान सकेन ? खेलाडीलाई राष्ट्रको गहनाको उपमा दिएर मात्रै उनीहरु खुशी हुन्छन् त ? यी यावत प्रश्न नेपाली फुटबलको सर्वोच्च निकाय अखिल नेपाल फुटबल संघ र नेपाल सरकारप्रति नै तेर्सिन्छ ।

